"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका

## Khandbari Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

खाँदबारी,सङ्खुवासभा

१ नं. प्रदेश, नेपाल ।

च.न.: ४१८२

प.सं : २०७४/०७५(कार्यपालिका सचिवालय)

मिति : २०७४/१२/११

श्री वडा अध्यक्ष ज्यू (सवै)

श्री कार्यपालिका सदस्य ज्यू (सवै)

खाँदवारी संखुवा सभा ।

विषय : कार्यपालिकाको वैठकको निर्णय प्रतिलिपि उपलब्ध गराइएको वारे ।

प्रस्तुत विषयमा यस खाँदवारी नगरपालिकाको कार्यपालिका को वैठक नं १८ औं को निर्णय प्रतिलिपि यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

सादर अवगातार्थ

श्रीमान प्रमुख ज्यू, श्रीमान उप प्रमुख ज्यू ।

वोधार्थ तथा कार्यार्थ

सबै शाखाहरु

खाँदवारी नगरपालिका कार्यालय : आ आफ्नो शाखा । उपशाखा/इकाई समिति संग सम्वन्धित निर्णयहरु आवश्यक समन्वय र सहकार्य साथ यथासिघ्र सम्पादन गरि त्यसको प्रगति समेत पेश गर्नु गराउनु हुन ।

(कृष्णकुमार निरौला)

प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.npइमेल : khandbarimun@gmail.com

# बैठक नं. १८ २०६४।१२।११

आज मिति २०६४ साल चैत्र ११ गते आइतवारका दिन खाँदवारी नगर कार्यपालिकाका का.वा. प्रमुख श्री डेगेश्वरी श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको अठारौं बैठक बसी निम्नानुसार प्रस्तावहरु माथी छलफल गरि सर्वसम्मत निर्णयगरियो।

-उपस्थिति-

१. श्री मुरारी प्रसाद खतिवडा. प्रमुख. अनुपस्थित
२. श्री डेगेश्वरी श्रेष्ठ. उप प्रमुख.
३. श्री निरञ्जन श्रेष्ठ. सदस्य वडा नं. १
४. श्री ज्ञान वहादुर श्रेष्ठ. " — २
५. श्री सुनिता कटुवाल कार्की " — ३
६. श्री साजित राई. " — " ४
७. श्री श्याम प्रसाद तिरौंला " का.वा. ५
८. श्री. दयानिधि वराल सदस्य. वडा नं. ६
९. श्री मौसम आले मगर " — " ७
१०. श्री उम्वर वहादुर कटुवाल " — " ८
११. श्री टिकाराम कुमाल " — " ९
१२. श्री केशवराजसिं थापा " — " १०
१३. श्री नगेन्द्र गुरुङ, " — " ११
१४. श्री कुडगाङ लामा " — " १
१५. श्री. वाल कुमारी बोडारी " — " २
१६. श्री इन्द्रमाया वरायली " — " ३
१७. श्री गोपी घिमिरे " — " ५
१८. श्री. लक्ष्मी राई सुनुवार " — " ८
१९. श्री. पदमलाल कार्की " — " १०
२०. श्री. चन्द्रकला तामाङ, " — " १०
२१. श्री कृष्ण कुमार तिरौंला सचिव. नगर कार्यपालिका.
गाेरा श्रेष्ठ बैठक निर्णय लेखक

निर्णय नं. १

महालेखा परिक्षकको कार्यालयबाट आ.ब. ०७३/७४ को लेखापरिक्षणको प्रारम्भीक प्रतिबेदनले औंल्याएका बेरुजुहरुको सम्बन्धमा हाल सम्म निम्नानुशार कार्य भएको हुँदा सो कार्यको समिक्षा गर्दै हालसम्म भए गरेका कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१.मिति २०७४।१२।०५ गते च.नं. ५०४९ को गोप्य अत्यन्त जरुरी पत्र मार्फत लेखा अधिकृत श्री नबिनकुमार श्रेष्ठ लाई उक्त प्रतिबेदनको बुँदा नं. १.२ मा उल्लख भए अनुशार स्रेस्ता भन्दा धरौटी र कर्मचारी कल्याण कोष खाता बाहेक बैंकमा खुद घटि रु.७६,४९,९९०।०९ सम्बन्धमा आबश्यक छानविन गरि जिम्मेवार ब्यक्तिबाट असुल उपर गर्नु पर्दछ भनि उल्लेख भएको हुँदा के कति कारणले गर्दा त्यस्तो हुन गएको हो ? सरकारी रकम मस्यौट वा अपचलन भएको हो वा होइन ? पछि सम्म फरक नपर्ने गरि २४ घण्टा भित्र स्प्रष्टिकरण पेश गर्न माग गरिएको । र उक्त पत्रको श्री जिल्ला प्रशासन कार्यालय संखुवा सभा लाई आबश्यक छानविन गरि दिनु हुन भनि बोधार्थ तथा कायार्थ पत्र पठाइएको ।

सो सम्बन्धमा निजले सोही दिन पत्र बुझिलिई मिति २०७४।१२।०७ गते प्रमुख प्रशासकिय अधिकृत ज्यू लाई सम्बोधन गरि निजले स्प्रष्टिकरण (पाना थान २ ) पेश गरि कार्यालयको दर्ता नं. १७८६ मिति २०७४।१२।७ गते कार्यालयको दर्ता कितावमा दर्ता गरि फायलमा सम्लग्न गरिएको ।

२.पुन : मिति २०७४।१२।०८ गते च.नं. ५१४२ को पत्र मार्फत निज लेखा अधिकृत श्री नबिनकुमार श्रेष्ठ लाई रकम दाखिला गर्नु हुन भनि निजले मिति २०७४।१२।०७ मा दर्ता १७८६ मा दर्ता भएको स्प्रष्टिकरण अनुशार यस नगरपालिकाको बिभिन्न खाताहरुबाट केहि रकम झिकेको स्वीकार गर्नु भएको, महालेखा परिक्षकको कार्यालयले गरेको गत आ.ब.को लेखापरिक्षण प्रतिबेदनमा स्रेस्ता भन्दा बैंकमा खुद घटि रु. ७६,४९,९९०।०९ पैसा घटि भएको देखिएको हुँदा छानविनबाट पछि ठहरे बमोजिमको रकम दाखिला गर्ने गरि हाललाई रु. ७६,४९,९९०।०९ पैसा रकम र सो को ब्याज समेत हुन आउने रकम ३ तिन दिन भित्र दाखिला गरि सो को बैंक भौचरको सक्कल प्रति सहित पेश गर्नु हुन भनि पत्र सो दिन बुझाइएको र सो पत्रको बोधार्थ पत्र जिल्ला प्रशासन कार्यालय, संखुवा सभा लाई उपलब्ध गराईएको ।

सो सम्बन्धमा निजले मिति २०७४।१२।०९ गते (कार्यालयको दर्ता नं. १८२९, मिति २०७४।१२।०९) बिषय रकम जम्मा गरेको उल्लेख गरि पेश भएको निबेदनमा मिति २०७४।०३।२९ गते नगरपालिकाको खाता नं.२०८०३०४०१८१०२ मा रु. ४०,००,०००। जम्मा गरि भौचर पेश गरेको साथै मिति २०७४।१२।०७ गते २०८०३०४०१९१०२ मा रु. २२,९५,०००। मिति २०७४।१२।०८ गते खाता नं. २०८०३०४०१८१०२ मा रु. ७,००,०००।, मिति २०७४।१२।०९ गते २०८०३०४०१८१०२ मा रु. २२,००,०००। गरि जम्मा ९१,९५,०००। दाखिला गरि सोको भौचर पेश गर्नु भएको र सो सम्बन्धमा गल्ती भएको मा माफी माग्दै कार्यालयबाट र अन्य निकायबाट छानविन हुँदा मैला दाखिला गर्न बाकी देखिएमा सहन बुझाउन मन्जुर भएको ब्यहोरा उल्लेख भएको ।

३.मिति २०७४।१२।०६ गते भएको कार्यपालिकाको बैठक निर्णय नं. ४ मा निज लेखा अधिकृत श्री नबिनकुमार श्रेष्ठलाई आ.प्र.शाखाको जिम्मेवारीबाट हटाई आ.ले.प.इकाईमा पदस्थापन गर्ने, उक्त बेरुजुको सम्बन्धमा यकिन गर्नको लागी कार्यपालिकाका सदस्य श्री श्यामप्रसाद निरौलाको संयोजकत्वमा जिल्ला समन्वय समिति र को.ले.नि.का. को लेखा अधिकृत वा प्रतिनीधि सदस्य रहने गरि छानविन समिति गठन गर्ने निर्णय भए अनुशार उक्त छानविन समितिमा लेखापाल श्री रुद्रमणि श्रेष्ठ (को.ले.नि.का.) र लेखा अधिकृत रुद्रबहादुर बुढाथोकी (जि.स.स.) सदस्य तोकी आउनु भई निजहरुबाट मिति २०७४।१२।११ गते बिहान देखि समितिले कार्य गर्दै रहनु भएको र यस कार्यालयको आर्थिक कारोबार संचालन गर्नको लागी लेखा अधिकृत वा प्रतिनीधि पठाई दिनु हुन भनि च.नं. ५०६१ मिति २०७४।१२।०६ मा श्री महालेखा नियन्त्रक कार्यालय र च.नं. ५०६३ मार्फत श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, संखुवासभालाई पत्राचार गरि अनुरोध गरीएको । हाल छानविन समितिबाट कार्य भई रहेको छ ।

४.सोही सम्बन्धमा मिति २०७४।१२।०६ गते च.नं. १८४६ को जरुरी गोप्य पत्रमार्फत आ.ब. ०७३।७४ का सम्बन्धमा महालेखा परिक्षकको कार्यलयको लेखा परिक्षणको प्रतिबेदन अनुशार हालसम्म भए गरेका कार्यहरुको बारेमा सोधनी भए अनुशार यस कार्यालयको मिति २०७४।१२।०९ गते च.नं.५१७२ जरुरी गोप्य पत्रमार्फत जिल्ला प्रशासन कार्यालयलाई भए गरेका कामको बिबरण पठाईएको र यस कार्यालयको सोही दिनको च.नं. ५१७५ मार्फत लेखा अधिकृत श्री नबिनकुमार श्रेष्ठलाई रकम दाखिला गर्नुहुन भनि तपाईले मिति २०७४।१२।०९ मा पेश गर्नु भएको निबेदनका साथ यस कार्यालयको नाममा रा.बा.बैक खाँदबारीमा रहेका खाताहरुमा रकम जम्मा गरि पेश गर्नु भएको भौचरहरु अध्ययन गर्दा मिति २०७४।३।२९ गते खाता नं. २०८०३०४०१८१०२ मा रु. ४०,००,०००। चालिस लाख मात्र जम्मा गरेको भौचरबाट देखिन्छ ।

महालेखा परिक्षकको कार्यालयबाट पेश भएको गत आ.व. को लेखापरीक्षण प्रतिवेदनमा स्रेस्ताभन्दा बैंकमा खुद घटि रु ७६,४९,९९०।०९ पैसा (धरौटी र कर्मचारी कल्याण कोष खाता बाहेक) घटी भएको देखाएको हुँदा सो सम्बन्धमा तँपाईले खाता नं. २०८०३०५०१९१०२ मा मिति २०७४।१२।०७ गते रु. २२,९५,०००। दाखिला गर्नु भएको साथै मिति २०७४।१२।८ गते खाता नं. २०८०३०५०१८१०२ मा रु.७,००,०००। र मिति २०७४।१२।०९ मा रु. २२,००,०००। गरि जम्मा ५१,९५,०००। मात्र जम्मा हुन आएको भौचरबाट देखिएकों हुँदा जम्मा गर्न बाँकी रकम रु. २४,५४,९९०।०९ र तँपाईले न.पा.का नाममा रहेका बैंक खाताहरुबाट के कति रकम भिक्नु भएको हो ? सो रकम र जम्मा गर्न बाँकी माथि उल्लेखित भएको रकम समेत ३ दिन भित्र दाखिला गरी सोको बैंक भौचरको सक्कल प्रति सहित पेश गर्नु हुन भनि पत्र र सो को बोधार्थ तथा कार्यार्थ पत्र आबश्यक कार्यबाही गरिदिनु हुन भनि श्री जिल्ला प्रशासन कार्यालय, संखुवासभालाई उपलब्ध गराईएको उक्त पत्र निज लेखा अधिकृतले मिति २०७४।१२।११ गते बुझिलिनु भएको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी गराउनु भएकोमा व्यापक छलफल/समीक्षा गरि निम्नानुसारको निर्देशन दिने निर्णय गरियो ।

क. उक्त छानविन समितिले आज मिति २०७४।१२।११ गते देखि छानविन कार्य प्रारम्भ गरेको जानकारी प्राप्त भएकोले सो समितिलाई छानविनको क्रममा आवश्यक सम्पूर्ण सहयोग गर्न नगर कार्यपालिकाको कार्यलयलाई निर्देशन दिने ।

ख. छानविन समितिले छानविन सम्पन्न भई प्रतिबेदन प्राप्त नभए सम्मको लागी निज लेखा अधिकृतलाई हाल कुनै पनि शाखा इकाई वा उपशाखाको जिम्मेवारी प्रदान नगर्न प्रमूख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ग) छानविन समितिले दिएको प्रतिवेदन बमोजिम आवश्यक कार्यवाहीको प्रक्रिया अगाडी बडाउन नगर कार्यपालिकाको कार्यलयलाई निर्देशन दिने ।

निर्णय नं. २

छानविन समितिलाई उपलब्ध गराईएको कार्यदेशको समय अबधि ७ सात दिन भएको हुँदा सो कार्य सम्पन्न उक्त समयावधीमा हुन नसक्ने भएको अवस्थामा मात्र समय थप गर्ने अधिकार नगर प्रमुख लाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

खाँदवारी नगरपालिकाको प्रथम नगरसभा वाट पारित विभिन्न योजना तथा कार्यक्रमहरु संसोधन गरि कार्यान्वय गर्नको लागी विभिन्न वडा समितिहरु वाट निर्णय गरि कार्यक्रम संसोधन गरि कार्यान्यन गर्न सिफारिस भई आएका निम्नानुसार योजना तथा कार्यक्रमहरु संसोधन गरि कार्यान्वयन गर्न प्रथम नगर सभाको निर्णय नं २७ ले दिएको अधिकार प्रयोग गरि संसोधन गर्ने निर्णय गरियो

| साविक भएको योजना | हाल सशोधन भएको योजना |
|---|---|
| नर्कटे टोल सम्म जाने गोरेटो वाटो मर्मत तथा निर्माण, खा.न.पा. २ | नर्कटे टोल सम्म जाने मोटर वाटो मर्मत तथा निर्माण, खा.न.पा.२ |
| ॐ शान्ति भवन चर्पि निर्माण खा.न.पा.८ | ॐ शान्ति भवनको भुई ढलान खा.न.पा. ८ |
| चारवर छामडे मोटरवाटो मर्मत तथा निर्माण | चारवर वरलभाड बेतेनी मोटर वाटो मर्मत |

निर्णय नं ४

वर्तमान परिप्रेक्षमा खाँदवारी नगरपालिकामा म.ले.प.ले औल्याएकोले बेरुजु उपर भई रहेको काम कार्यवाहीको विषयमा प्रमुख प्रशासकीय अधिकृतले मात्र सम्वन्धित मन्त्रालय,कार्यालय,संघ सस्था वा व्यक्तीलाई सुचना उपलब्ध गराउने भन्ने निर्णय गरियो ।